नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
## विदुर,नुवाकोट

फोन नं. : ०१०-५६०३३३
०१०-५६०२६६
इमेल
daonuwakot@moha.gov.np
nuwakotcdo@gmail.com
वेबसाइट:daonuwakot.moha.gov.np

### लागू औषध नियन्त्रण सम्बन्धी तीन महिने अभियान

लागू औषधको दुरुपयोगले मानिसको स्वास्थ्यमा गम्भीर हानी गरी व्यक्तिगत, पारिवारीक एवम् सामाजिक जीवन तहसनहस हुन सक्ने साथै उपचार तथा पुनर्स्थापनामा ठूलो मात्रामा आर्थीक क्षति समेत व्यहोर्नु पर्ने हुन सक्दछ। यसका कारणबाट समाजमा विभिन्न किसिमका आपराधिक घटनाहरु घट्न सक्ने तथा सामाजिक मान सम्मानमा आँच आउने लगायतका नकारात्मक असर र प्रभावको बारेमा आम जनसमुदायलाई जानकारी गराइ लागू औषधमा फसेकालाई सुमार्गमा ल्याउन र नयाँ पुस्तालाई लागू औषधको कुलतमा फस्न नदिन **"बनाऔं लागू औषध मुक्त गाउँ शहर, मिलेर संघ, प्रदेश अनि स्थानिय सरकार"** भन्ने नाराका साथ मिति २०८१/११/०१ बाट नुवाकोट जिल्लामा लागू औषध नियन्त्रण सम्बन्धी तीन महिने अभियान सञ्चालन गर्ने गरी मिति २०८१/१०/२९ गते जिल्ला प्रशासन कार्यालय नुवाकोटमा सरोकारवाला सहितको उपस्थितिमा बसेको बैठकले निर्णय गरेको छ।

यस तीन महिने अभियानलाई प्रभावकारी रुपमा संचालन गर्न सबै स्थानीय तहहरुले आ-आफ्ना पालिका भित्रका शैक्षिक संस्था, क्लब, समुह, संघ संस्थाहरु सँग समन्वय र सहकार्य गरी मातहतका सबै शैक्षिक सस्था तथा समुदाय सम्म सचेतनामुलक कार्यक्रम संचालन गर्ने, नुवाकोट प्रवेश गर्ने सबै नाकाहरुमा सुरक्षा निकायहरुले विशेष निगरानी राख्ने, सवारी चेकजाँच तथा निरिक्षण कार्यलाइ थप प्रभावकारी बनाउने, सम्पूर्ण सरोकारवाला निकायहरुले आ-आफ्नो स्थानबाट लागू औषध रोकथाम र नियन्त्रण सम्बन्धी सामाग्रीहरु प्रचारप्रसार गर्ने लगायतका कार्यक्रम सञ्चालन गर्ने गराउने निर्णय भएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

आज मिति २०८१/११/०१ गते जिल्ला प्रशासन कार्यालय नुवाकोटको आयोजनामा बट्टार दम्कीचोक देखि बट्टार बजार मुख्य चोक सम्म विभिन्न चेतनामुलक सन्देश सहित प्रभातफेरी कार्यक्रम गरी यस अभियानको सुभारम्भ गरियो। उक्त कार्यक्रमा जिल्ला प्रशासन कार्यालय, सुरक्षा निकायहरु, शैक्षीक संस्थाहरु लगायत अन्य विभिन्न क्षेत्रका करिब २०० व्यक्तिहरुको सहभागिता रहेको थियो। कार्यक्रममा नुवाकोट जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री रामकृष्ण अधिकारी, जिल्ला समन्वय समिति प्रमुख श्री रजिन्द्र विक्रम सिंह ठकुरी र जिल्ला प्रहरी कार्यालय नुवाकोटका प्रहरी उपरिक्षक श्री दुर्गा राज रेग्मीले यस अभियानका सम्बन्धमा आफ्ना भनाइहरु राख्नु भएको थियो।

लागू औषध नियन्त्रण सम्बन्धी तीन महिने अभियानलाई सफल बनाउन जिल्ला स्थित सबै स्थानीय तहहरु, सबै सूरक्षा निकायहरु, सबै सरकारी निकायहरु, सम्पूर्ण सामाजिक संघ संस्थाहरु, सञ्चार माध्यमहरु, शैक्षिक संस्थाहरु, धार्मिक संगठनहरु, निजि क्षेत्र, रेडक्रस, स्काउट, युवा क्लव, पेशागत संघ संगठनहरु लगायत सबै औपचारिक र अनौपचारिक समुहहरुले आ-आफ्नो क्षेत्रबाट क्रियाशिल भइ विविध कार्यक्रमहरु आयोजना गरी सहयोग पुर्याउनु हुनेछ भन्ने अपेक्षा गरिएको छ। साथै लागू औषधको बिक्रि वितरण, ओसारपसार वा प्रयोग भएको वा हुन लागेको जानकारी भएमा नजिकको प्रहरी इकाइ वा प्रहरी कन्ट्रोलको फोन नं १०० वा जिल्ला प्रशासन कार्यालयमा जानकारी उपलब्ध गराइ सचेत नागरिक कर्तव्य पुरा गर्नहुन समेत सम्बन्धित सबै सरोकारवालाहरुमा अनुरोध गरिन्छ।

मिति: २०८१/११/०१

(रामकृष्ण अधिकारी)
प्रमुख जिल्ला अधिकारी


STREET NO. 2-05
समुदाय-प्रहरी साझेदारी
Community-Police Partnership
लागु औषध रोकथाम तथा नियन्त्रण सम्बन्धी
कार्यक्रम
आयोजक
जिल्ला प्रहरी कार्यालय
नुवाकोट
बनाऔं लागूऔषध मुक्त गाँउ शहर,
मिलेर संघ, प्रदेश अनि स्थानीय सरकार ।
लागु औषध नियन्त्रण सम्वन्धी तीन महिने अभियानको शुभारम्भ
प्रभातफेरी
2025/02/13 08:16


स्वस्थ जीवन, स्वच्छ
विचार,
लागु औषध गरौं
बहिष्कार।
2025/02/13 08:22


शान्ति
सुरक्षा
सशस्त्र प्रहरी बल, नेपाल
नं. १९ गुल्म हे.क्वा. नुवाकोट
कार्यक्रम
प्रभातफेरी
SOUVENIR BOARDING SCHOOL
Bidur-2, Battar, Sangamchwok
Nuwakot
Estd.:2040
2025/02/13 09:07


साया फाष्ट फुड एण्ड म:म: सेन्टर
रिवाज
मोवाईल
एण्ड
प्रभातफेरी
2025/02/13 08:50


साया फाष्ट फुड एण्ड मःमः सेन्टर
रिवाज मोबाईल एण्ड साउण्ड
दशै तिहार धमाका
हरेक सामानको खरिदमा १ थान
चस्मा सितैमा
सितैमा
समुदाय-प्रहरी साझेदारी
कार्यक्रम
Choose Hugs Not Drugs !
Drugs are Not The Answer
स्वास्थ्य जीवन, स्वच्छ विचार, लागु औषध गरौ बहिस्कार।
Break The Habbit Love a Drugs Free Life !
2025/02/13 08:53


समुदाय-प्रहरी साझेदारी
Community-Police Partnership
कार्यक्रम
नेपाल प्रहरी
जिल्ला प्रहरी कार्यालय
लागु औषध मुक्त गाँउ शहर,
मिलेर संघ, प्रदेश अनि स्थानीय सरकार ।
लागु औषध नियन्त्रण सम्बन्धी तीन महिने अभियानको शुभारम्भ
प्रभातफेरी
आयोजक:
जिल्ला प्रशासन कार्यालय
नुवाकोट
2025/02/13 08:04